नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७७/७८ मार्गदर्शन
च. नं. :- ७८२

मितिः२०७८/२/२८

**विषयः आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७८/२/१५ का दिन विनियोजन अध्यादेश, २०७८ जारी भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०७८/७९ का लागि तहाँ अन्तर्गत निकायहरूमा विनियोजित रकम प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पुरा हुने विश्वास लिएको छु। कोभिड-१९ को पछिल्लो संक्रमण रोकथामका लागि लिईएका कदमका कारण आर्थिक क्रियाकलापहरुमा कमी आउन सक्ने र यसको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य क्षेत्रमा प्राथमिकताका साथ बजेट व्यवस्थापन गर्नु परेकोले अन्य क्षेत्रमा स्रोतको कमी हुन नदिन प्राप्त स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्नु हुनेछ । समग्र वित्त अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट, निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न विनियोजन अध्यादेश, २०७८, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ को अनिवार्य रुपमा परिपालन गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ विनियोजन अध्यादेश, २०७८ को दफा ९ बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित इकाईहरुलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी एकमुष्ट रकम विनियोजन भएको भए २०७८ असोज मसान्तभित्र रकम बाँडफाँट गरी सोको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई दिनु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.स.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.) ४२११११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

३. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने- पूँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। यस्तो बाँडफाँट २०७८ असोज मसान्तभित्र गरिसक्नु पर्नेछ। वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०७८ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नु हुनेछ।

## (ख) कार्यक्रम/योजना हस्तान्तरण र कार्यान्वयन

४. विनियोजन अध्यादेश, २०७८ को दफा ५(१) बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

५. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजिगततर्फका कुनै कार्यक्रम वा आयोजना प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो कार्यक्रम/योजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६. बुँदा नं. ४ बमोजिम प्रदेश तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

७. बुँदा नं. ५ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

८. बुँदा नं. ४ र ५ बमोजिम गरिएको व्यवस्थाको जानकारी महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

पत्र संख्या :-
च. नं. :-

सिंहदरबार, काठमाडौं
नेपाल ।

९. विषयगत मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अध्यावधिक अभिलेख राख्नु हुनेछ। सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजनाको लागि थप बजेट माग गर्दा विषयगत मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

१०. विनियोजन अध्यादेश, २०७८ बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा हस्तान्तरण भएको रकम अपर्याप्त भई थप रकम आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरू सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो कार्यक्रम/योजनाको कार्य प्रगतिको आधारमा मात्र थप रकम माग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा सम्बन्धित मन्त्रालयवाट आउने व्यवस्था मिलाउनु हुनेछ।

११. प्रदेश तथा स्थानीय तहको आयोजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ। यसको प्रतिवेदन र लेखा परीक्षण सम्बन्धित तहले नै गर्नु/गराउनु पर्नेछ।

१२. प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजना कार्यान्वयनको लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१३. अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित प्रदेश तथा स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

१४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयनको लागि आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने छ। वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरु कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालना गर्नु/गराउनु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

१५. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा समावेश भएको आयोजना/कार्यक्रमको वैदेशिक स्रोततर्फको खर्चको विवरण तत्काल प्राप्त गरी सोधभर्ना माग गर्ने र सो को अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गर्नु/गराउनु हुनेछ।

१६. वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था ती आयोजना कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा दातृ निकायबाट खर्चको सोधभर्ना प्राप्त नहुने भएकोले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। सम्झौता र निर्देशिकाको कागजात सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ।

१७. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक नयाँ ऐन तर्जुमा वा विद्यमान ऐनमा संशोधन गर्नुपर्ने भएमा मस्यौदा तयार गरी साउन मसान्तभित्र नेपाल सरकार, मन्त्रिपरषद्मा पेश गरिसक्नु पर्नेछ। विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा असार मसान्तभित्र अनिवार्य रूपमा सम्पन्न गर्नु हुनेछ।

१८. स्वीकृत बार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि आवश्यक पर्ने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकारको सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ। सो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेवसाइटमा राख्नु हुनेछ।

१९. कार्यक्रम/आयोजना सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दी २०७८ असार मसान्तभित्र स्वीकृत गराई सक्नु हुनेछ।

२०. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजनसहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी २०७८ साउन १५ भित्र स्वीकृत गरी बोलपत्र आव्हानसमेत गरिसक्नु पर्नेछ। २०७८ असोज १५ भित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ। ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कायदिश दिने व्यवस्था मिलाउनु हुनेछ।

२१. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजनाका लागि बजेट

निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्नु हुने छैन। त्यस्तो रकम निकासा माग भई आएमा निकासा नदिने व्यहोरा मातहतका निकायहरूलाई समेत जानकारी गराउनु हुनेछ।

२२. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरूप काम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२३. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रूपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट रू.१० करोडभन्दा माथिका आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धी (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

२४. आयोजना प्रमुखलगायत अन्य कर्मचारीलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धीको अभिलेखलाई आधार बनाउनु हुनेछ।

२५. आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तर निकाय समन्वयलगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ। कर्मचारी सरूवा, पदस्थापन लगायतका कार्य ढिला हुँदा कार्यक्रम/आयोजना कार्यान्वयनमा बाधा उत्पन्न हुने भएकोले कर्मचारी सरूवा/पदस्थापन गर्न आवश्यक भएमा यथाशीघ्र सम्पन्न गर्नु हुनेछ।

२६. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो त्रैमासिक निकासा भुक्तानीको लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। सोभन्दा कम भौतिक

प्रगति भएको अवस्थामा सहकारीज्यूबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पूरा गर्ने प्रतिवद्धता प्राप्त गरी निकासा/भुक्तानी व्यवस्था मिलाउनु हुनेछ।

२७. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नु हुनेछ।

२८. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ। तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिनेछ।

२९. कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई सोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजनाको र IDA/DPC, IMF/RCF र ADB/DBL लगायत बजेटरी सहायतातर्फको पहिलो त्रैमासिक बजेट फुकुवा गरिएको छ। सो बाहेक अन्य सबै ऋण तथा अनुदानको भुक्तानी दिनु पहिले महालेखा नियन्त्रक कार्यालयमार्फत यस मन्त्रालयको स्वीकृति लिनु हुनेछ। वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०७८ असार मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

३०. सरकारी स्वामित्वको भवन निर्माण तथा भवनभित्र गरिने सजावटको सम्बन्धमा शहरी विकास मन्त्रालयबाट तयार गरेको भवन निर्माण तथा सजावट सम्बन्धी मापदण्ड बमोजिम गर्नुपर्नेछ । भवन तथा सजावटको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्ने कार्य सम्भव भएसम्म शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यलयहरुबाट गर्नु/गराउनु हुनेछ ।

३१. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजना विनियोजित बजेटबाटै कार्यान्वयन गर्नु/गराउनु हुनेछ। सडक, पुल, बाँध, सिंचाई नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू.५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३२. सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनु हुनेछ। मासिक खर्चको फाँटवारी पठाउँदा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समेत अनिवार्य रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्न लगाउनु हुनेछ। आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना माग

गरेको विवरण महालेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा जानकारी गराउनु हुनेछ। सार्वजनिक ऋणका हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी दिने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को त्रैमासिकको निकासा रोक्का गरिनेछ। समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गर्नु/गराउनु हुनेछ।

३३. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३४. सडक निर्माणको लागि ठेक्का आव्हान गर्दा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी बोलपत्र आव्हान गरी कार्यान्वयन गराउनु हुनेछ।

३५. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक दोस्रो त्रैमासिक अवधिसम्म थप निकासा दिइने छैन। विनियोजित रकमको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(घ) **बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन**

३६. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा उद्देश्यभन्दा फरक पर्ने गरी कार्यक्रम संशोधन गर्न यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर, मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी नेपाल सरकारको स्रोततर्फ देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु हुनेछ।

(क) एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको शुरु विनियोजनको पच्चीस प्रतिशतसम्म,

(ग) एकभन्दा बढी निकायमा बाँडफाँट भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने

कार्यालयसँग सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको निकासा रोक्का राखेको पत्रको आधारमा क्रियाकलाप परिवर्तन नगरी तथा कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन।

(घ) त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित मन्त्रालयले LMBIS मा बजेट रोक्का राखी संशोधन गर्नु/गराउनु हुनेछ।

(ङ) कार्यक्रम संशोधन वा रकमान्तर मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नु/गराउनु हुनेछ।

३७. प्रचलित कानुन बमोजिम कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका सम्पूर्ण प्रक्रिया पूरा गरी LMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। सामान्यतः प्रथम त्रैमासिक अवधिसम्ममा कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन गरिने छैन।

३८. राष्ट्रिय गौरवको आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्काका लागि स्रोत व्यवस्थापन गरिएका आयोजनाको लागि विनियोजन भएको रकमबाट रकमान्तर प्रस्ताव गर्दा सोही प्रकृतिका आयोजना/कार्यक्रमहरुमा वाहेक अन्यत्र रकमान्तर प्रस्ताव गर्नु हुनेछैन।

३९. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ बमोजिम राष्ट्रिय योजना आयोगबाट स्वीकृति लिई बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ।

४०. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीमा राख्ने र प्रतिवेदन गर्ने समेत व्यवस्था मिलाउनु हुनेछ।

४१. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, पारिश्रमिक, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा विजुली, सञ्चार महसुल ,खाद्यान्न, घरभाडालगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन। तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२. चालु खर्च अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, खाद्यान्न, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु/गराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन। साथै यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न पाइने छैन।

४३. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न पाइने छैन।

४४. सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीय सञ्चित कोषमा दाखिल गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

४५. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदातालाई अनिवार्य रूपमा सम्बन्धितको बैंक खातामार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ताको रकमलगायत सबै प्रकारका भुक्तानी सोझै बैंक खातामार्फत सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४६. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नै रोक्का राखी रोक्का नम्वरसहितको रकमान्तर माग गर्नु/गराउनु हुनेछ।

४७. निर्माणस्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृतलगायतका आयोजना पूर्व तयारीका कार्यहरू पूरा गरेर मात्र खरिद प्रक्रिया शुरू गर्नुपर्नेछ।

४८. नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ।

४९. कार्यालय सहयोगी र सवारी चालकको पदमाबाहेक अस्थायी, ज्यालादारी वा करारमा थप आर्थिक दायित्व पर्ने गरी नयाँ नियुक्ति गर्नु हुने छैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन। करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा

फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु हुनेछ। फाजिलमा रहेको कर्मचारीबाट पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि अर्थ मन्त्रालयको सहमति लिनु हुनेछ।

५०. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्चहरू, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु पर्नेछ।

५१. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ ।

५२. अत्यावश्यक अवस्थामाबाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ/थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पूरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालयबाहेक साबिकको कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्वन गर्नु हुनेछ।

५३. नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकायले लोक कल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नु पर्नेछ र त्यस्तो विज्ञापन बापतको रकम बोर्ड मार्फत खर्च गर्नु पर्नेछ भन्ने कानुनी ब्यबस्था रहेकोले सोही ब्यबस्था बमोजिम गर्नु गराउनु हुनेछ।

५४. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कनलाई आधार लिनु पर्ने व्यवस्था मिलाइएको छ।

५५. सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्नेछ।

५६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

५७. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकमा मात्र सहभागी हुने व्यवस्था मिलाउनु हुनेछ। वैदेशिक भ्रमणका लागि बजेट विनियोजिन भएको भएता पनि अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ ।

५८. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएकोवाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु पर्नेछ। सहमति विना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा अर्थ मन्त्रालय जिम्मेवार हुने छैन।

५९. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

६०. विनियोजन अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली, सार्वजनिक खरिद ऐन/नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन र मापदण्डलगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ।

६१. वित्तीय व्यवस्थातर्फ निकासाबाहेक असार २५ गतेभन्दा पछाडि कुनै खर्च रकम भुक्तानी दिनु परेमा अनिवार्य रुपमा पूर्व आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६२. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६३. कार्यक्रम/आयोजनाको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि, लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) २०७८ असार मसान्त भित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गर्नु हुनेछ।

६४. कार्यक्रम/योजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ट आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ।

६५. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

६६. सरकारी कार्यालय र सारकारी अनुदान प्राप्त गर्ने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६७. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचकसहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक दुई दुई महिनामा अर्थ मन्त्रालयमा हुने बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ।

आर्थिक वर्ष २०७८/७९ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(शिशिर कुमार ढुङ्गाना)
सचिव

श्री सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय, ।

संलग्नः

क) विनियोजन अध्यादेश, २०७८ - १ प्रति
ख) आ.व. २०७८/७९ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति
ग) आ.व. २०७८/७९ को अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) - १ प्रति

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।
श्री अर्थ मन्त्रालय, सबै महाशाखाहरू।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np